# कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा मधेश प्रदेश,

जनकपुरधाम, धनुषा

# कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रमाणीकरण मिति

.......................

सम्वत् २०७९ सालको ऐन नं. ................

प्रस्तावनाः प्रदेशको समतामूलक विकासका लागि कर तथा गैरकर राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकाले,

मधेश प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७९" रहेको छ।

(२) यो ऐन मधेश प्रदेशमा लागू हुनेछ ।

(३) यस ऐन बमोजिमको कर वा राजस्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति भए निजको हकमा समेत लागू हुनेछ।

(४) यो ऐनको दफा १४ बाहेकको व्यवस्था तुरुन्त प्रारम्भ हुनेछ ।

(५) यो ऐनको दफा १४ बमोजिमको व्यवस्था प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक ऐन" भन्नाले प्रदेश सरकारले जारी गरेको सालबसाली आर्थिक ऐन सम्झनु पर्छ।

(ख) "कम्पन" भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएको कम्पनी सम्झनुपर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापित संगठित संस्था, समिति, सहकारी संस्था, ट्रष्ट, संयुक्त उद्यम, विदेशी कम्पनी र मन्त्रालय वा अन्तर्गतको निकायले तोकेको अन्य संस्था वा कम्पनीलाई समेत जनाउँछ।

(ग) "कर" भन्नाले परिच्छेद-३ बमोजिमको कर सम्झनु पर्छ र सो

शब्दले सालबसाली प्रदेशको आर्थिक ऐन बमोजिमको कर समेतलाई बुझाउँछ ।

(घ) "कर अधिकृत" भन्नाले दफा ६ बमोजिमको कर अधिकृत सम्झनु पर्छ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने मन्त्रालयले तोकिदिएको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ ।

(ङ) ''कर कार्यालय'' भन्नाले प्रदेशमा कर सम्बन्धी काम, कारबाही र निर्णय गर्ने निकाय वा कर कार्यालय वा सो प्रयोजनको लागि प्रदेश सरकारले तोकिदिएको प्रदेश सरकार अन्तर्गतको कार्यालय वा अन्य संगठन संरचनालाई समेत सम्झनु पर्छ।

(च) "करदाता" भन्नाले कर तिर्नु पर्ने कर्तव्य भएको जुनसुकै प्राकृतिक वा कानूनी व्यक्ति सम्झनु पर्छ ।

(छ) "कर निर्धारण" भन्नाले कर अधिकृतले गरेको कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र संसोधित कर निर्धारणलाई समेत जनाउँछ।

(ज) "कूल कृषि आय" भन्नाले यस ऐन बमोजिम निर्धारण गरिएको कूल कृषि आयलाई सम्झनु पर्दछ ।

(झ) "कृषि आय" भन्नाले प्रदेश भित्रको कृषिजन्य कार्यमा प्रयोग भएको जमिनबाट प्राप्त भएको देहायको रकम सम्झनु पर्दछः

(१) कृषियोग्य जमिनको प्रयोगबाट उत्पादित कृषि उपजको आम्दानी,

(२) कृषियोग्य जमिनमा हुने कृषि पैदावारमा आधारित रेसम खेती, फलफूल खेती,

पसुपालन, पञ्छीपालन, मत्स्य पालन, चिया खेती, कफी खेती, जडिबुटी खेती, तरकारीका विउ विजन उत्पादन, मौरी पालन, रबर खेती, पुष्प खेती, मत्स्य पालन तथा अन्य नगदेवालीको व्यवसायिक खेती आदिबाट प्राप्त हुने रकम,

(३) कृषियोग्य जमिनको लिजमा वा भाडामा लगाए वापत प्राप्त हुने रकम,

(४) कुत/अधिया आदिमा लगाए वापत प्राप्त हुने रकम ।

(ञ) "कृषि योग्य जमिन" भन्नाले कृषि कार्यमा प्रयोग भएको जमिनलाई सम्झनु पर्छ।

तर यो शब्दले दर्ता भएको वा नभएको निजी वन/नर्सरी वा खरबारीलाई जनाउने छैन ।

(ट) "गैरकर राजस्व" भन्नाले परिच्छेद-३ बमोजिमको राजस्व सम्झनु पर्छ र सो शब्दले कर बाहेकका प्रदेश सरकारलाई प्राप्त हुने अन्य राजस्व समेतलाई जनाउँछ ।

(ठ) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ।

(ड) "प्रदेश कर प्रमुख" भन्नाले प्रदेश सरकारले कर प्रशासन सम्बन्धी प्रमुख जिम्मेवारी तोकी नियुक्त गरेको अधिकृतस्तरको कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर प्रमुख नियुक्त नभएकोमा मन्त्रालयले तोकिदिएको अधिकृत दशौं वा सोभन्दा माथिल्लो तहको कर्मचारी समेतलाई जनाउँछ ।

(ढ) "परिवार" भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी र अंश छुट्टिएको वा नछुट्टिएको नाबालिग सन्तान सम्झनु पर्छ।

(ण) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको जुनसुकै फर्म सम्झनु पर्छ।

(त) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको राजश्व वा कर संकलन सम्बन्धी काम काज गर्ने मन्त्रालय सम्झनु पर्छ ।

(थ) "व्यक्ति" भन्नाले कर तिर्नुपर्ने दायित्व भएको प्रकृतिक व्यक्ति, निकाय वा अन्य कर तिर्नु पर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(द) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(ध) "सभा" भन्नाले मधेश प्रदेशको प्रदेश सभा सम्झनु पर्छ।

(न) "स्थानीय तह" भन्नाले प्रदेशभित्रका गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

३. <u>व्याख्याः</u> यो ऐनमा परिभाषा गरिएका शब्दको सोही अनुसार र अरुमा प्रचलित कानून तथा कानून व्याख्या सम्बन्धी ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ ।

परिच्छेद-२

<u>राजस्व निर्धारणका आधार र कर प्रशासन</u>

४. <u>कर तथा गैरकर राजस्व निर्धारणका आधारः</u> (१) कर राजस्व देहायका आधारमा निर्धारण गरिनेछः

(क) करदाताको कर तिर्न सक्ने क्षमता,

(ख) समानता र न्यायमा आधारित कर प्रणालीमा रहेर,

(ग) कर प्रशासन सरल, पारदर्शी र मितव्ययी हुने अवस्था,

(घ) करदाताको सुविधा,

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना,

(च) करको आधार, करको दर र कर तिर्ने अवधिको सुनिश्चितता ।

(२) गैर कर राजस्व लगाउँदा र उठाउँदा उपलब्ध गराइने सेवा, सहुलियत र

सुविधाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी लगाइने र उठाइनेछ ।

५. **कर प्रशासनः** (१) यस ऐन बमोजिमको कर तथा गैर करको प्रशासन प्रदेश सरकारले गर्नेछ ।

(२) प्रदेश सरकारले कर प्रशासनलाई सक्षम तथा प्रभावकारी बनाउन आवश्यकता अनुसार कर व्यवस्थापन सम्बन्धी कर कार्यालय वा निकाय स्थापना गर्न वा कुनै कार्यालयलाई कर कार्यालयको रूपमा कार्य गर्न पाउने गरि तोक्न सक्नेछ।

६. **कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारबाट स्वीकृत दरवन्दी अनुसारका कर्मचारी कर कार्यालयमा रहने छन्।

(२) प्रदेश सरकारले आवश्यकता अनुसार एक वा सो भन्दा बढी तहका कर अधिकृतहरु तथा अन्य कर्मचारीहरलाई कर कार्यालयहरुमा काममा खटाउन सक्नेछ ।

७. **कर अधिकृतको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) करदाता दर्ता गर्ने,

(ख) करदाताबाट विवरण प्राप्त गर्ने,

(ग) कर परीक्षण, अनुसन्धान र कर निर्धारण गर्ने,

(घ) कर संकलन गर्ने,

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने,

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवश्यक कार्य गर्ने,

(छ) कर सम्बन्धी जनचेतना अभिवृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने,

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने बिषयमा प्रदेश सरकारलाई सुझाव दिने,

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने,

(ञ) करदाताका खातापाता र हरहिसाब दुरुस्त राख्न लगाउने,

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने,

(ठ) कर सम्बन्धी अन्य काम गर्ने।

८. **अधिकार प्रत्यायोजनः** (१) प्रदेश कर प्रमुखले यस ऐन बमोजिम आफूमा रहेको कर तथा राजस्व उठाउने अधिकार कर कार्यालयका प्रमुख वा कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) कर कार्यालयका प्रमुखले आफूलाई प्राप्त अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आवश्यकता अनुसार आफू मातहतका कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कर कार्यालयको प्रमुख वा कर अधिकृतले आफूलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा प्रदेश अर्थ मन्त्रालयबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ।

९. **प्रत्यायोजित अधिकार र उत्तरदायित्वः** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकार उपरको उत्तरदायित्व अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्नेले सो अधिकारको प्रयोग गर्दा यस ऐनको भावना अनुसार असल नियतले अधिकार

प्रत्यायोजन गर्ने प्रति उत्तरदायी भई प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद-३
## कर तथा गैरकर राजश्व

१०. **घर जग्गा रजिष्ट्रेशन शुल्क:** (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन वा लिखित पारित गर्दा रजिष्ट्रेशन बापतको शुल्क, रोक्का दस्तुर र सेवा शुल्क अनुसूची-१ बमोजिम लगाउने छ।

(२) प्रदेश सरकारले अफ्नो क्षेत्र भित्र घरजग्गा रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाकै बखत रजिष्ट्रेसन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम रकम मध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ ।

(४) यस दफा बमोजिम लगाईएको घरजग्गा रजिष्ट्रेशन शुल्क घरजग्गा रहेको स्थानीय तहले उठाउनेछ ।

(५) यस दफा बमोजिम उठाएको रजिष्ट्रेशन शुल्कमध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय संचित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्दा कुनै अन्य शुल्क लाग्ने छैन् ।

(७) मुनाफा आर्जन नगर्ने सामुदायिक धार्मिक सांस्कृतिक सामाजिक संघ संस्थाले खरिद गर्ने जग्गा वा घर जग्गामा प्रदेश सरकारले छुट दिन सक्नेछ ।

तर विक्रि गर्दा यो छुट उपलब्ध हुने छैन ।

११. सवारी साधन करः (१) प्रदेश सरकारले सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाउने र उठाउनेछ ।

तर एम्बुलेन्स, शववाहन, दमकल जस्ता यातायातका साधनमा कुनै कर र दस्तुर लाग्ने छैन ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा यान्त्रिक शक्तिबाट चल्ने स्थलगामी सवारी साधनहरु जस्तैः जीप, कार, लहरी, ट्रक, बस, भ्यान, मिनिबस, मोटर साइकल, स्कुटर, अटोरिक्सा, टेम्पो आदिलाई सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम सवारी साधन कर लगाउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ।

(३) सवारी साधन धनीले आफ्नो स्थायी ठेगाना वा बसाइसराइ गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोवास गरेको स्थान वा कारोबार दर्ता रहेको स्थान रहेको तोकिएको निकायमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ ।

(४) प्रदेशले सवारी साधन कर उठाउँदा स्थानीय तहको लागि तोकिएको सवारी साधन कर समेत असूल गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम उठाइएको सवारी साधन कर प्रदेश विभाज्य कोषमा जम्मा गरी साठ्ठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा र चालिस प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

१२. <u>मनोरन्जन कर</u>: (१) प्रदेश सरकारले मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधनमा अनुसूची-३ बमोजिम मनोरन्जन कर लगाउनेछ ।

<u>स्पष्टीकरण</u>: यस दफाको प्रयोजनको लागि "मनोरन्जनका साधन" भन्नाले चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, व्यापारिक, साँस्कृतिक तथा मनोरन्जन मेला-महोत्सव, कन्सर्ट, अपेरा, नाचगाना, थिएटर, सर्कस, चटक, खेल प्रदर्शनी, फनपार्क, वाटर गार्डेन, उद्यान जस्ता मनोरन्जन स्थलमा देखाइने मनोरन्जनका साधन सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिम लगाइएको मनोरन्जन कर मनोरन्जनको लागि एकमुष्ट तोकिएको अवस्थामा सोही बमोजिम लाग्ने र अन्य अवस्थामा मनोरन्जनस्थलको टिकटमा लाग्नेछ ।

(३) उपदफा (२) बमोजिमको मनोरन्जन करबाट उठेको रकम मनोरन्जनस्थलका धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिम जम्मा भएको रकममध्येबाट साठ्ठी प्रतिशतले हुने रकम सम्बन्धित स्थानीय तहले स्थानिय संचित कोषमा राखी बाँकी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(५) उपदफा (३) को अवधिभित्र मनोरन्जन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानिय तहले सो अवधि नाघेको मितिले तीन महिनासम्मको लागि दश प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनु पर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसमेत लगाई त्यस्तो रकम असूल उपर गर्नुपर्नेछ ।

१३. **विज्ञापन करः** (१) प्रदेशमा विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित स्थानीय तहले लगाउने र उठाउनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि "विज्ञापन सामग्री" भन्नाले होडिङ्ग बोर्ड, साइन बोर्ड, ट्राइभिजन बोर्ड, नियोन, डिजिटल डिस्प्ले, स्टल, भित्ते लेखन, तुल, खम्बा वा सवारी साधनमा राखिने सामग्री, पोष्टर, बेलुन वा विद्युत्तीय तरङ्ग प्रयोग गरी विज्ञापन गरिएको प्रचार सामग्री जस्ता सामग्री सम्झनु पर्छ ।

(२) कसैले प्रदेशको कुनै स्थानमा विज्ञापन सामग्री राख्न चाहेमा अनुमतिको लागि सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवदेन पर्न आएमा स्थानीय तहले सर्वसाधारण जनताको हित हुने देखिएमा विज्ञापन कर लिई विज्ञापन सामग्री राख्न अनुमति दिन सक्नेछ।

(४) स्थानीय तहले उपदफा (३) बमोजिमको अनुमति दिंदा विज्ञापन राख्न पाउने अवधि, नविकरण गर्नु पर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा,

वातावरणीय स्वच्छता, विपद् जोखिम न्यूनिकरण गर्ने गरी, सार्वजनिक यातायातमा पर्ने सक्ने असर, सामग्रीको भाषिक शुद्धता र सालिनता जस्ता विषयमा आवश्यक शर्त किटान गर्नु पर्नेछ । स्थानीय तहले विज्ञापन सम्बन्धी नीति बनाई सहरी सौन्दर्यतालाई प्रतिकूलता नहुने गरी सामाजिक सूचनाका लागि तोकिए बमोजिमको न्यूनतम स्थान राख्नु पर्नेछ ।

(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा अन्य सरकारी जग्गा वा सम्पत्ति (पोल आदि) प्रयोग गरी राखिएका विज्ञापन सामग्रीमा विज्ञापन कर उठाउनु अघि स्थानीय तहले सो निकायसँग आवश्यक स्वीकृति तथा समन्वय गर्नु पर्नेछ।

(६) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखिएका विज्ञापनमा लागेको विज्ञापन कर छुट वा मिनाहा हुन सक्ने छैन ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापनमा विज्ञापन कर लाग्ने छैन । प्रचलित कानूनको अधिनमा रहि गरिने सामाजिक सांस्कृतिक चेतनामूलक गैर

व्यवसायिक विज्ञापनमा समेत विज्ञापन कर लाग्ने छैन ।

(८) यस दफा बमोजिम विज्ञापन करबाट उठेको रकममध्येबाट साठ्ठी प्रतिशतले हुने रकम स्थानीय तहले संचित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम बुझाउनु पर्ने विज्ञापन कर महिना समाप्त भएको मितिले पच्चीस दिनभित्र सम्बन्धित स्थानिय तहमा दाखिला गर्नु पर्नेछ ।

(१०) उपदफा (९) मा तोकिएको अवधिभित्र विज्ञापन कर नबुझाउने करदातालाई सम्बन्धित स्थानीय तहले सो अवधि नाघेको मितिले तीन महिनासम्मको लागि दश प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनुपर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत लगाई त्यस्तो रकम असुल उपर गर्नु पर्नेछ ।

(११) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था स्थानीय तहको कानून बमोजिम हुनेछ ।

१४. <u>कृषि आयमा कर</u>: (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषि आयमा अनुसुची-४ बमोजिमको कर लगाउनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि कृषियोग्य जमिनको स्वामित्व देहायको व्यक्तिमा रहेको मानिनेछः

(क) आर्थिक वर्षको पहिलो दिन कृषियोग्य जमिन जसको स्वामित्वमा रहेको छ सो जमिन सोही व्यक्तिको नाममा रहेको मानी सोही अनुसार कर लाग्ने छ,

(ख) कुनै कृषियोग्य जमिन एकभन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोहि अनुसार र अन्य अवस्थामा सबैको बराबर हक भएको मानिनेछ,

(ग) कुनै कृषियोग्य जमिन नाबालक, असक्षम, अर्धसक्षम वा विदेशमा रहेको स्वामित्वमा रहेको भए सोको स्वामित्व निजको संरक्षकमा रहेको मानी सोही अनुसार कर लाग्नेछ।

(३) यस दफा बमोजिमको कर प्रयोजनको लागि प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको कृषियोग्य जमिनको लगत अध्यावधिक गरी राख्नु पर्नेछ।

(४) यस दफाको प्रयोजनका लागि कृषि आयको गणना गर्दा कूल कृषि आयमा देहायका खर्चहरु घटाई गर्न सकिनेछ:

(क) श्रमिक सम्बन्धी खर्चहरु,

(ख) मलखाद तथा बीउबिजन सम्बन्धी खर्चहरु,

(ग) कृषि साधनको भाडा तथा मर्मत सम्बन्धी खर्च,

(घ) बजारीकरण/बिक्री वितरण सम्बन्धी खर्च,

(ङ) कृषि सम्बन्धी भाडा र ब्याज खर्च,

(च) कृषि उपकरणहरुको तोकिए बमोजिमको ह्रास खर्च,

(छ) कृषि उत्पादानको प्रमाणित वास्तविक खर्च।

(५) यस दफाको प्रयोजनका लागि प्रदेश सरकारले न्यूनतम वार्षिक कृषि आय तोक्न सक्नेछ

।यसरी न्यूनतम वार्षिक कृषि आय तोक्दा देहायका आधार लिनु पर्नेछः

(क) जग्गाको प्रकार (अव्वल, दोयम, सीम, चाहार),

(ख) सिंचाई सुविधाको अवस्था,

(ग) जग्गाको व्यापारिक उपयोगको अवस्था ।

(६) कुनै प्राकृतिक प्रकोपको अवस्थामा प्रदेश सरकारले आफ्नो क्षेत्रभित्रको सबै किसिमको वा कुनै खास किसिमको कृषि आयमा लाग्ने कर पूर्ण वा आंशिक रुपमा छुट दिन सक्नेछ।

(७) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी आश्विन मसान्तभित्र प्रदेश कर कार्यालयमा विवरण पेश गरी सो बमोजिमको लाग्ने करसमेत दाखिला गर्नु पर्नेछ।

१५. <u>सेवा शुल्क तथा दस्तुरः</u> प्रदेश सरकारले नेपाल संविधानको अनुसूची-६, ७ र ९ बमोजिमका क्षेत्र र बिषयमा आफूले पुर्‍याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई उठाउन सक्नेछ।

१६. <u>पर्यटन शुल्कः</u> (१) प्रदेश सरकारले आफै निर्माण गरेको वा अधिकार क्षेत्रभित्र रहेको पर्यटकीय स्थल,

पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क लगाउदा पर्यटकीय क्षेत्रमा उपलब्ध गराएको सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मान्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशले आफ्नो क्षेत्र भित्र पर्यटक प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाउने छैन।

१७. <u>प्राकृतिक स्रोत उपयोग बापतको शुल्कः</u> (१) प्रदेश सरकारले प्राकृतिक श्रोत उपयोग बापत देहायको शुल्क लगाउन र उठाउन सक्नेछः

(क) ढुंगा, गिट्टी, वालुवा, दहत्तर, बहत्तर शुल्क सम्बन्धी व्यवस्थाः प्रदेश भित्र ढुङ्गा, गिट्टी, बलुवा, माटो, खोलाले बगाई ल्याएको काठ, दाउरा लगायतका दहत्तर बहत्तरको संकलनमा अनुसूची-५ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

(ख) खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गर्ने उद्योगलाई लाग्ने प्राकृतिक श्रोत उपयोग शुल्कः (१) खानीजन्य खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्रि वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रिमा अनुसूची-६ बमोजिम शुल्क लगाइनेछ र उक्त शुल्क सम्बन्धित उद्योगले मासिकरुपमा महिना समाप्त भएको मितिले अर्को महिनाको २५ गतेभित्र प्रदेश सरकारले निर्धारण गरेको प्रदेश विभाज्य कोषमा विवरण सहित दाखिला गर्नु पर्नेछ ।

२. उपखण्ड (१) को अवधिभित्र उक्त शुल्क नबुझाउने करदातालाई प्रदेश सरकारले सो अवधि नाघेको मितिले तीन महिनासम्मको लागि दश

प्रतिशत र सो अवधिभित्र पनि दाखिला नगरेमा बुझाउनुपर्ने कर रकमको वार्षिक पन्ध्र प्रतिशतका दरले ब्याज समेत लगाइ त्यस्तो रकम असुल उपर गर्नुपर्नेछ ।

३. उपखण्ड (१) बमोजिमको शुल्कको प्रशासन प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयले गर्नेछ ।

४. प्रदेश लेखा नियन्त्रक कार्यालयले उपखण्ड (१) बमोजिम जम्मा हुने रकमको साठ्ठी प्रतिशत रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नेछ ।

(ग) वन पैदावार सम्बन्धी शुल्कः प्रदेश वन ऐन, २०७७ तथा नियमावली बमोजिम काष्ठ पैदावार, गैर काष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिजजन्य पदार्थको उपयोग वापत लगाइने सेवा शुल्क तथा अन्य दस्तुर लगाउने र असुलउपर गर्ने सम्बन्धी व्यवस्था सोही ऐन तथा नियमावली बमोजिम हुनेछ ।

१८. <u>अन्य कर तथा शुल्क लगाउन सक्नेः</u> (१) प्रदेश सरकारले आफ्नो क्षेत्रभित्र संविधानको अनुसूची-६ बमोजिमको अधिकारक्षेत्रको विषयमा अन्य कुनै कर तथा शुल्क लगाई उठाउन सक्नेछ।

(२) प्रदेश सरकारले संविधान र अन्य प्रचलित कानूनको विपरित नहुने गरी आफूले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेका थप वा नयाँ क्षेत्र वा विषयमा शुल्क लगाउन सक्नेछ।

(३) यस परिच्छेद बमोजिम सेवा शुल्क तथा दस्तुर लगाउने वा त्यसको दरमा हेरफेर गर्ने

अधिकार प्रदेश सरकारमा रहनेछ ।सोको सुचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१९. <u>दण्ड जरिवानाः</u> प्रदेश सरकारले संविधानको अनुसूचि-६ बमोजिमका क्षेत्र र विषयमा दण्ड जरिवाना लगाई उठाउन सक्नेछ ।

२०. <u>छुट वा मिनाहाः</u> (१) प्रदेशमा संकट, महामारी, प्राकृतिक आपदा विपता आदि भएको अवस्थामा प्रदेश सरकारले यस ऐन बमोजिम लाग्ने कर तथा गैरकर राजश्वमा आधार र कारण खुलाई आंशिक वा पूर्ण रूपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ । यसरी छुट दिँदा समान अवस्थाका सबै करदातालाई समान व्यवहार गर्नु पर्नेछ।

(२) नेपाल सरकार वा स्थानीय सरकारले कुनै परियोजना वा विकास कार्यका लागि खास सामग्री, कारोबारमा कर नलाग्ने व्यवस्था गरेकोमा प्रदेश सरकारले तत् तत् सरकारसँग समन्वय गरी कर छुट सम्बन्धी सो व्यवस्थाको पालना गर्ने गराउने छ।

(३) उपदफा (१) बमोजिम राजश्वमा छुट वा मिनाहाको प्रक्रिया सम्बन्धमा तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-४

## करदाता दर्ता

२१. करदाताको पहिचान तथा दर्ता: (१) प्रदेशभित्र कसैले कुनै व्यवसाय संचालन गर्न चाहेमा व्यवसाय संचालन गर्नु पूर्व तोकिए बमोजिम दर्ता गरेर मात्र व्यवसाय संचालन गर्नु पर्नेछ ।

(२) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ति, निजले गरेको कारोबार, कर कार्यालयलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो कार्यालयले छानबिन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ।

(४) कर कार्यालयले यस ऐन बमोजिम कर तिर्नु पर्ने दायित्व भएका करदाताको विवरण खुलाई करदाता दर्ता गरी राख्नु पर्नेछ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताले कर सम्बन्धी कारोबार गर्दा सोहि नम्बरको प्रयोग गर्नु पर्नेछ ।

२२. <u>करदाताको दायित्वः</u> यस ऐन बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछः

(क) आफूलाई करदाताको रूपमा दर्ता गराउने,

(ख) निर्धारित समयमा कर विवरण पेश गर्ने,

(ग) निर्धारित समयमा कर दाखिला गर्ने,

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउने,

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने,

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने,

(छ) कर कार्यालयलाई आवश्यक सहयोग गर्ने।

२३. <u>करदाताको अधिकारः</u> (१) प्रत्येक करदातालाई देहाय बमोजिमको अधिकार हुनेछः

(क) सम्मानपूर्वक व्यवहारको अधिकार,

(ख) प्रचलित कानुन बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार,

(ग) कर सम्बन्धी बिषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार,

(घ) प्रतिरक्षाको लागि कानुन व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार,

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावी गर्न कानुन बमोजिम आफ्नो दायित्व पूरा गरेको हुनुपर्नेछ ।

२४. **करदाताको प्रतिनिधित्वः** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरीक्षक वा निजले लिखित रूपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारेसले गर्न सक्नेछ।

**स्पस्टीकरणः** यस दफाको प्रयोजनको लागि "उमेर पुगेको" भन्नाले अठार वर्ष उमेर पूरा गरेको व्यक्ति सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारबाही करदाता स्वयंले गरेको मानिनेछ।

परिच्छेद-५

## कर विवरण र कर दाखिला

२५. विवरण दाखिला गर्न आदेश दिन सक्नेः (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारी दाखिला गरेको भनी शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले तीस दिनभित्र कर कार्यालयमा विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोली म्याद थपको लागि निवेदन दिएमा कर अधिकृतले पन्ध्र दिनसम्मको म्याद थप गर्न सक्नेछ।

२६. <u>विवरण सच्याउन सकिनेः</u> यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछि कुनै तथ्य सम्बन्धी वा गणितीय भूल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन महिना भित्र यथार्थ, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

तर विवरणमा भएको त्रुटी सच्याउने विवरणमा पुनः सच्याउन निवेदन दिन सकिने छैन ।

२७. <u>कर दाखिला गर्नुपर्नेः</u> (१) यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर ऐनको परिच्छेद-३ मा उल्लेख गरिएकोमा सोहि समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्विन मसान्तभित्र कर कार्यालयमा दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ११ बमोजिमको कर म्याद समाप्त भएको मितिले नब्बे दिनभित्र बुझाई सक्नु पर्नेछ।

२८. <u>कर दाखिलाको निस्सा दिनु पर्नेः</u> करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैरकर राजस्व वा

अन्य रकम बुझाएपछि करदातालाई तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

परिच्छेद-६

## कर समायोजन

२९. कर समायोजन सम्बन्धी व्यवस्थाः (१) करदाताले यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर रकमभन्दा बढी कर दाखिला गरेमा निजले दाखिला गर्न बाँकी कर रकम समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेकोमा व्यहोरा मनासिब देखिए कर अधिकृतले एक महिनाभित्र माग बमोजिम समायोजन गर्न आदेश दिन सक्नेछ ।

३०. कर फिर्ता सम्बन्धी व्यवस्थाः (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नु पर्ने भन्दाबढी कर दाखिला गरेकोमा सो कर रकम दफा २९ बमोजिक समायोजन गर्दा समेत समायोजन भई बाँकी रहन गएमा आगामी वर्षमा तिर्नु पर्ने अन्य कर रकममा समायोजन गर्न वा फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समायोजन वा फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा मनासिब भएमा करदाताले बुझाउन कुनै रकम बाँकी भएमा त्यसमा मिलान गरी बाँकी रहेको रकम कर अधिकृतले छानविन गरी निवेदन परेको साठ्ठी दिनभित्र माग बमोजिम फिर्ता दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र फिर्ता नदिएमा बाँकी अवधिको लागि वार्षिक दश प्रतिशतका दरले हुने ब्याज समेतको गणना गरि फिर्ता दिनुपर्नेछ ।

## परिच्छेद -७

## कर परिक्षण तथा कर निर्धारण

३१. कर परीक्षणः (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गरेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा,

(ख) गलत वा झुट्टा कागजात/विवरण संलग्न गरेको देखिएमा,

(ग) यथार्थ कारोबार नदेखाएको विश्वास गर्नुपर्ने कारण भएमा,

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाएकोमा,

(ङ) करको दर फरक पारेकोमा,

(च) कानून बमोजिम कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावी गरेकोमा।

(२) उपदफा (१) बमोजिम कर परीक्षण गरी कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको सूचना दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्यादभित्र आफ्नो स्पष्टीकरण पेश गर्नु पर्नेछ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्यादभित्र करदाताले स्पष्टीकरण पेश गरेमा सो समेतलाई आधार बनाई र स्पष्टीकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण गर्नु पर्नेछ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष अगावै वा पछाडि कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारण भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्ने छ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिले किर्ते वा जालसाजी गरि कर दायित्व कम गरेमा त्यसको जानकारी पाएको एक वर्षसम्म पुनः कर निर्धारण गर्न बाधा परेको मानिने छैन ।

३२. <u>कर निर्धारणको सूचनाः</u> (१) यस ऐन बमोजिम कर अधिकृतवाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सीमा र बैक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लिखित स्थान र समय सीमा भित्र कर दाखिला गर्नु पर्ने छ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरेकोमा करदाताले त्यसको भौचर कर कार्यालयमा बुझाउनु पर्नेछ।

## परिच्छेद-८

## कर संकलन सम्बन्धी व्यवस्था

३३. कर संकलन सम्बन्धी व्यवस्थाः (१) यस ऐन बमोजिम असूल गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले सम्बन्धित कर कार्यालय प्रमुखको पूर्व स्वीकृति लिई देहायको एक वा एकभन्दा बढी तरिका बमोजिम कर असूल गर्न सक्नेछः

(क) सम्बन्धित करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट सम्बन्धित करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर,

(ग) कुनै तेस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पूर्व सहमति लिई कट्टा गरेर,

(घ) बैंक वा वित्तीय संस्थामा रहेको सम्बन्धित करदाताको रकमबाट कट्टा गर्न लगाएर,

(ङ) सम्बन्धित करदाताको कारोबार रोक्का गरेर,

(च) सम्बन्धित करदाताको चल तथा अचल सम्पत्ति माथि दावी वा कब्जा गरेर,

(छ) सम्बन्धित करदाताको सम्पत्ति एकै पटक वा पटकपटक गरी तोकिए बमोजिम लिलाम बिक्री गरेर।

(२) उपदफा (१) को खण्ड (छ) बमोजिम लिलामको कारबाही शुरु भएपछि सो कारबाही समाप्त हुनु अघि कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कूल रकमको थप पाँच प्रतिशत शुल्क सहित असूल गरिनेछ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नु पर्ने कर रकमभन्दा बढी भएमा वढी भएजति

रकम साठ्ठी दिनभित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमको रकम फिर्ता लिन नआएमा वा उपदफा (४) बमोजिम बैंक खाता उपलब्ध नगराएमा त्यस्तो रकम प्रदेश सञ्चित कोषमा जम्मा गरिनेछ।

३४. <u>किस्ताबन्दीमा कर असूली:</u> कुनै खास करदाता बिशेष परिस्थिति परी समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुँझ गर्दा कारण सन्तोषजनक देखिएमा निर्णय गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ।

तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाहा हुने छैन ।

## परिच्छेद-९

## जरिवाना, शुल्क र ब्याज

३५. **जरिवाना लाग्नेः** (१) यस ऐनको पालना नगरी करको दायित्व घटाएमा कर अधिकृतले कर बिगोको पन्ध्र प्रतिशत जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दफा २७ को उपदफा (२) बमोजिमको म्यादभित्र सवारी साधन कर दाखिला नगरेमा दाखिला गर्नुपर्ने म्याद नाघेको मितिदेखि नब्बे दिनभित्र कर नबुझाएमा सो वर्षको अन्त्यसम्म कर रकमको दश प्रतिशतका दरले जरिवाना लाग्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि सवारी साधन कर नबुझाएमा लाग्ने जरिवाना प्रचलित कानून बमोजिम हुनेछ ।

३६. **ब्याज लाग्नेः** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नु बुझाउनु पर्ने बाँकी रकममा तोकिए बमोजिम ब्याज लाग्नेछ।

३७. **अभिलेख नराखेमा शुल्क लाग्नेः** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले

अभिलेख नराखेमा पाँच हजार रुपैयाँका दरले शुल्क लाग्नेछ।

३८. <u>समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने:</u> यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण एक हजार रुपैयाँ शुल्क लाग्नेछ ।

३९. <u>झुट्टा विवरण दिएमा जरिवाना लाग्ने:</u> यस ऐन बमोजिम विवरण दाखिला गर्नु पर्ने दायित्व भएका करदाताले झुट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असूल गरी सोको पच्चीस प्रतिशत जरिवाना लाग्नेछ।

४०. <u>ब्याज नलाग्ने:</u> यस ऐन बमोजिम लाग्ने शुल्क, ब्याज र जरिवानामा पुन: ब्याज लाग्ने छैन।

## परिच्छेद-१०

## <u>पूर्वादेश, प्रशासकीय पुनरावलोकन र पुनरावेदन</u>

४१. <u>पूर्वादेश माग गर्न सक्ने:</u> (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले मन्त्रालयको सचिव समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रदेश कर प्रमुखले द्विविधा निराकरण गर्न पूर्वादेश जारी गरी करदातालाई सो पूर्वादेश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचाराधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पूर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पूर्वादेश अदालतको आदेशबाट अन्यथा नभएसम्म कायम रहनेछ ।

४२. <u>प्रशासकीय पुनरावलोकन हुन सक्नेः</u> यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धी निर्णय,

(ख) यस ऐन बमोजिम लाग्ने वा लागेको कर र गैरकर राजश्व तथा अन्य

दस्तुर, शुल्क, ब्याज सम्बन्धी निर्णय ।

४३. <u>प्रशासकीय पुनरावलोकनको प्रक्रियाः</u> (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले तीस दिन भित्र प्रदेश कर प्रमुख समक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि साठ्ठी कार्यदिन भित्र कारबाही र किनारा गर्नु पर्नेछ ।

(३) प्रशासकिय पुनरावलोकनको निवेदन दिदा कर ब्याज र शुल्को पचास प्रतिशत धरौटी राखि निवेदन दिनु पर्नेछ ।

४४. <u>उजुरी नलाग्नेः</u> यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभई कुनै अदालतमा कुनै उजूर लाग्ने छैन।

४५. <u>पुनरावेदन दिन सक्नेः</u> (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा निर्णय गरेको मितिले चित्त नबुझ्ने पक्षले साठ्ठी दिनभित्र

प्रचलित कानून बमोजिम उच्च अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) प्रचलित कानून बमोजिमको अदालतले गरेको निर्णय अन्तिम हुने छ।

## परिच्छेद-११

## समन्वय

४६. **नेपाल सरकारसँग समन्वयः** (१) प्रदेश सरकारले संविधानको साझा अधिकार सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैरकर राजश्वका आधार र दर वा कर प्रशासनका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ।

(२) प्रदेश सरकारले संघीय कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार

सुम्पेको अधिकृत वा कर अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगिएका बिषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४७. स्थानीय तहसँग समन्वयः (१) प्रदेश सरकारले संविधानको अनुसूची-९ को अधिकारको साझा सूचीमा रहेका बिषयसँग सम्बन्धित कर वा गैर कर राजश्वका आधार, दर वा कर प्रशासनका संबन्धमा स्थानीय तहसँग समन्वय गर्न सक्नेछ।

(२) प्रदेश सरकारले प्रदेश कानून वा यस ऐन बमोजिम असूल उपर गर्नु पर्ने कर वा गैरकर राजश्व असूल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको एकद्वार प्रणाली अपनाउन प्रदेश सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले स्थानीय तह वा स्थानीय तहले अधिकार सुम्पेको अधिकृत वा कर

अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिमको व्यबस्था अन्तर्गत समन्वय गरिएका बिषयहरु यस ऐनमा परे सरह मानिने छ र ती व्यवस्थाका हकमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ।

४८. <u>केन्द्रीय बैंकसँग समन्वयः</u> प्रदेश सरकारले कर र गैरकर राजश्व संकलनका सम्बन्धमा नेपाल राष्ट्र बैंकसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

४९. <u>अन्य संस्थासँग समन्वयः</u> प्रदेश सरकार वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्वसँग सम्बन्धित बिषयमा आवश्यकता अनुसार अन्य संस्थासँग समन्वय गर्न सक्नेछ।

५०. <u>राजस्व सम्बन्धी नयाँ प्रस्तावः</u> (१) प्रदेश सरकारले कर तथा गैरकर सम्बन्धी नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालासँग अन्तरक्रिया अभिमत वा सुझाव लिई विज्ञसँग परामर्श गर्नु पर्नेछ ।

(२) संविधानको अनुसूची-९ को अधिकारको साझा सूचीभित्र रहेका कर तथा गैरकर

सम्बन्धी विषयमा दर प्रस्ताव गर्दा कर सम्बन्धी अन्य विषयमा समन्वयका लागि तोकिए बमोजिमको राजस्व परामर्श समिति गठन गर्न सक्नेछ ।

५१. <u>सूचना सार्वजनिक गर्नु पर्नेः</u> (१) यस ऐन बमोजिम प्रदेश सरकारले लगाएको कर र गैर कर राजश्व उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्वका दर तथा त्यसमा भएको हेरफेर सम्बन्धी सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ।

(२) प्रदेश सरकारले उपदफा (१) बमोजिमका कर, राजश्वका दर र त्यसमा भएको हेरफेर समेत मिलाई प्रदेश सरकारको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रदेश सरकारले कर र राजश्वका दर तथा त्यसमा भएको हेरफेर सम्बन्धी विवरण केन्द्रीय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई समेत उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-१२
## विविध

५२. **विद्युतीय माध्यमको प्रयोग गर्न सक्नेः** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले विद्युतीय माध्यम (अनलाइन)बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारबाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ।

५३. **ठेक्कामा लगाउन नपाइनेः** प्रदेश सरकारले आफूले असुल गर्नु पर्ने कुनै कर वा राजस्व ठेक्का लगाई उठाउन पाइने छैन।

तर प्रचलित कानून बमोजिम स्थानीय सरकारसँग समन्वय गरी कर उठाउन रोक लगाएको मानिने छैन ।

५४. **कागजातको ढाँचाः** (१) यस ऐनको प्रभावकारी कार्यान्वयनको लागि प्रदेशस्तरको कर प्रशासनले निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका तोक्ने गरी सुचना जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका निर्देशिका, दिग्दर्शन, फाराम, ढाँचा, तरिका आदि सर्वसाधारणको जानकारीको लागि प्रदेश स्तरको कर प्रशासनले सूचना पाटि, वेभसाइट वा राष्ट्रिय तथा प्रदेशस्तरको पत्रपत्रिकाको माध्यमबाट उपलब्ध गराउनु पर्नेछ ।

५५. <u>सूचना तामेली रित पुगेको मानिने:</u> (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाएको वा दिइएको मानिनेछः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको,

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको,

(ग) निजको कानून व्यवसायी वा लेखापाललाई बुझाएको,

(घ) नाबालिगको हकमा संरक्षक वा माथवर व्यक्तिलाई बुझाएको,

(ङ) कार्यालय संस्था वा निकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको,

(च) करदाताको ठेगानामा हुलाकबाट रजिष्ट्री गरी पठाएको,

(छ) करदाताको ठेगानामा राखिएको टेलिफ्याक्स, टेलेक्स वा अन्य विद्युतीय उपकरण मार्फत पठाएको ।

(२) कर कार्यालयको अधिकृतको नाम र पद खुल्ने गरी दस्तखत गरिएको, कम्प्यूटर प्रविधिबाट इनक्रीप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजातमा लेखी यस ऐन बमोजिम जारी गरिएको, तामेली गरिएको वा दिइएको कागजातलाई रीतपूर्वकको मानिनेछ ।

५६. <u>कागजातको अभिलेख राख्नेः</u> (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमका आवश्यक कागजातहरु सुरक्षित गरी राख्नु पर्नेछः

(क) यस ऐन बमोजिम कर कार्यालयमा पेश गर्नु पर्ने कागजात र सोलाई पुष्ट्याई गर्ने सूचना तथा कागजात,

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजात,

(ग) खर्च कट्टी गर्नु पर्ने भए सोलाई पुष्ट्याईं गर्ने कागजात ।

(२) कर कार्यालयले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक करदाताले यस दफा बमोजिमका कागजात सम्बन्धित आय वर्ष समाप्त भएको मितिले कम्तिमा चार वर्षको अवधिसम्म सुरिक्षत राख्नु पर्नेछ।

(३) कर सम्बन्धी विवाद भइ विचाराधिन रहेको अवस्थामा विवादको निरुपण नभएसम्म कागजात सुरक्षित राख्नु पर्नेछ ।

५७. <u>अदालतलाई भए सरहको अधिकार हुने:</u> यस ऐनको प्रयोजनको लागि कर अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

५८. <u>समन्वय गर्नुपर्ने:</u> नेपाल सरकारले नेपालको संविधान र कर सम्बन्धी कानूनी प्रावधानलाई प्रभावकारी बनाउन गरेको कार्यहरुमा समन्वय तथा सहयोग गर्नु प्रदेश सरकारको कर्तव्य हुनेछ ।

५९. परिचय पत्र सम्बन्धि व्यवस्थाः कर कार्यालयमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र माग गरेमा सम्बन्धित व्यक्तिलाई देखाउनु पर्नेछ ।

६०. विभागीय कारबाही र सजाय हुनेः (१) कर अधिकृत वा कर प्रशासनसँग सम्बन्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई गैरकानूनी तवरले हानी नोक्सानी पुऱ्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवस्थामा करदाता बीच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाइदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुःख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले प्रदेश कर कार्यालयको प्रमुख समक्ष उजूर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूर परेमा कर कार्यालयको प्रमुखले आवश्यक छानबिन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धी कानून

बमोजिम आफूलाई कारबाही गर्ने अधिकार भएको विषयमा आफैले कारबाही गर्ने र अधिकार नभएको विषयमा विभागीय कारबाहीको लागि प्रदेश कर प्रमुख समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त भएको उजुरी सम्बन्धमा छानविन गर्न प्रदेश कर प्रमुखले छानबिन समिति गठन गरी प्रतिवेदन लिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन गर्दा प्रमाण नष्ट हुन सक्ने भएमा प्रदेश कर प्रमुखले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ।

(५) उपदफा (३) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनुचित कार्य वा लापरवाही गरेको कुरा खुल्न आएमा प्रदेश कर प्रमुखले निजलाई विभागीय कारबाहीको लागि शिफारिस गर्न सक्नेछ ।

तर अनुचित लाभ लिएको ठहरिएमा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

(६) यस दफा बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्मेवारीबाट अलग राख्ने निलम्बन अवधि तीन महिनाभन्दा बढी हुने छैन।

६१. <u>पुरस्कृत गर्न सक्नेः</u> (१) कर कार्यालयले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्यादभित्र कर विवरण बुझाउने, लागेको कर दाखिला गर्ने र कर अधिकृतले अनुरोध गरेका सूचना समयमा नै उपलब्ध गराउने करदातालाई प्रत्येक वर्ष तोकिए बमोजिमको पुरस्कार दिने व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइने पुरस्कार सम्बन्धी अन्य व्यवस्था प्रदेश कर प्रमुखले निर्धारण गरे बमोजिम हुनेछ।

६२. <u>म्याद, हदम्याद नजानेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि कट्टा गरी गणना गरिनेछः

(क) अदालत, कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगन भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि ।

६३. <u>नियम बनाउन सक्ने:</u> यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६४. <u>कार्यविधि र निर्देशिका बनाउन सक्ने:</u> यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रहि प्रदेश सरकारले आवश्यक कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

६५. <u>अनुसूचीमा हेरफेर गर्न सक्ने:</u> प्रदेश सरकारले आवश्यकता अनुसार यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

६६. <u>बाधा अडकाउ फुकाउने:</u> यस ऐनको कार्यान्वयनमा कुनै कठिनाई तथा बाधा अडकाउ परेमा अर्थ मन्त्रालयले आवश्यकता अनुसार त्यस्तो कठिनाई तथा बाधा अडकाउ फुकाउन सक्नेछ ।

## अनुसूची-१

(ऐनको दफा १० को उपदफा (१) सँग सम्वन्धित)

**घरजग्गा रजिष्ट्रेशन शुल्क दर**

| सि. नं. | घरजग्गा रजिष्ट्रेशन शुल्क सेवा शुल्क र रोक्का दस्तुर | करको दर | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिका भएमा | सालबसाली आर्थिक ऐन बमोजिम | |
| २ | नगरपालिका भएमा | सालबसाली आर्थिक ऐन बमोजिम | |

अनुसूची-२

(ऐनको दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

**सवारी साधन करको दर**

| सि.नं. | सवारी साधन | करको दर | कैफियत |
|---|---|---|---|
| (क) | निजी सवारी साधन | यातायात व्यवस्था सम्बन्धी कानून र आर्थिक ऐन बमोजिम | |
| (ख) | भाडामा दर्ता भएका सवारी साधन | यातायात व्यवस्था सम्बन्धी कानून र आर्थिक ऐन बमोजिम | |
| (ग) | अन्य सवारी साधन | यातायात व्यवस्था सम्बन्धी कानून र आर्थिक ऐन बमोजिम | |

## अनुसूची-३

(ऐनको दफा १२ को उपदफा (१) सँग सम्वन्धित)

**मनोरञ्जनमा लाग्ने करको दर**

| सि.नं. | विवरण | करको दर | कैफियत |
| --- | --- | --- | --- |
| (क) | मनोरञ्जनका साधन | सालबसाली आर्थिक ऐन बमोजिम | |

अनुसूची-४

(ऐनको दफा १४ को उपदफा (१) सँग सम्वन्धित)

**कृषि आयमा लाग्ने करको दर**

| सि. नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| (क) | कृषि आय | सालबसाली आर्थिक ऐन बमोजिम | |

# अनुसूची-५

(ऐनको दफा १७ को उपदफा (१) (क) सँग सम्वन्धित)

**ढुंगा, गिट्टी, वालुवा, दहत्तर, बहत्तर शुल्क**

| सि. नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| (क) | ढुंगा, गिट्टी, वालुवा, दहत्तर, बहत्तर शुल्क | सालबसाली आर्थिक ऐन बमोजिम | |

अनुसूची-६

(ऐनको दफा १७ को उपदफा (१) (ख) सँग सम्वन्धित)

**खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गर्ने उद्योगलाइ लाग्ने प्राकृतिक श्रोत उपयोग शुल्कः**

| सि.नं. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| (क) | खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गर्ने उद्योगलाइ लाग्ने प्राकृतिक श्रोत उपयोग शुल्कः | सालबसाली आर्थिक ऐन बमोजिम | |